०६४८
०६५/०१/०६

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सूचना व्यवस्थापन शाखा

*सिंहदरवार, काठमाडौं*

*फोन: ४२११११०३, ४२११०७९*

नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सिंहदरवार, काठमाडौं

प.स.२०७४/०७५

च.नं. २०१

मितिः-२०७५/०१/०७

**विषयः गोरखा भूकम्पको तेस्रो स्मृति दिवसमा आयोजना गरिएको प्रदर्शनी अवलोकनमा सहभागी हुन ।**

श्री अर्थ मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले २०७२ वैशाख १२ गते गएको भूकम्पको सम्झनामा प्रत्येक वर्ष स्मृति दिवस आयोजना गरी सो भूकम्पमा परी ज्यान गुमाउनु भएका व्यक्तिहरुलाई स्मरण गर्दै पुनर्निर्माण तथा पुर्नलाभका कामलाई तीब्रता दिने प्रण गर्दै विभिन्न जानकारीमूलक कार्यक्रमहरु आयोजना गर्दै आएको छ ।

तदनुरूप भूकम्पको तेस्रो स्मृति दिवसको सन्दर्भमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आफनो कार्यालय परिसरको पूर्वी द्धारमा दिवंगत आत्माहरुको चीर शान्तिको कामना गर्दै भूकम्प पश्चात् भइरहेको पुनर्निर्माणको वर्तमान अवस्था बारे जानकारी गराउने गरी प्रदर्शनी गर्न लागेको छ। यो प्रदर्शनी यही **२०७५ वैशाख १० देखि १३ गतेसम्म बिहान ९ :०० बजे देखि साँझ ५ :०० बजे सम्म** सञ्चालन हुनेछ । उक्त प्रदर्शनीमा तहाँ कार्यालयका सम्पूर्ण कर्मचारीहरु आफ्नो अनुकूल समयमा पाल्नु भई दिवंगत आत्माहरुको शान्तिको कामना,प्रर्दशनी अवलोकन तथा पुनर्निर्माणलाई अझ प्रभावकारी बनाउन राय सुझाव प्रदान गरिदिनु हुन अनुरोध गर्दछु ।

website मा राख्ने

(मनोहर घिमिरे)
उप सचिव